आज मिति २०७६ पुस ७ गते सोमबारको दिन बिहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ८४ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकर मान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री शर्मिला सुवेदी (का.वा.वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य अध्यक्ष श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)

मिति २०७६/०९/०६ गते नगर प्रमुखज्यूबाट मिति २०७६।०९।०७ गते नगर कार्यपालिकाको ८४ औं कार्यपालिका वैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाबाट निर्णयका लागि पेश भएका विषयहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<table>
<tr><th>सि.नं.</th><th>विषय</th><th>कानूनमा भएको व्यहोरा</th><th>निर्णय हुनुपर्ने व्यहोरा</th></tr>
<tr><td>१.</td><td>कर्मचारीलाई स्थायी नियुक्ति दिने सम्बन्धमा ।</td><td></td><td>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त दक्षिणकाली नगरपालिका, काठमाडैको लागी नगर कार्यपालिकाको संगठन संरचनामा उल्लेखित दरबन्दी मध्ये निम्नानुसारका दरबन्दीहरु पदपुर्तिका लागी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् लोकसेवा आयोग, काठमाडौंमा पत्राचार गरिएकोमा लोकसेवा आयोग काठमाडौंले आ.ब.०७५/०७६ मा स्थानीय तहमा कर्मचारी पूर्तीको लागी लिएको परिक्षामा सफल भई लोकसेवा आयोगको प.सं.०७६/०७७, च.नं.२७७, मिति २०७६/०८/२९ को पत्रबाट निम्नानुसारको कर्मचारीहरु सिफारिस भई स्थायी नियुक्ति पाउँ भनि निजहरुबाट यस कार्यालयमा निवेदन पेश भएको हुदाँ लोकसेवा आयोग, काठमाडौंको सिफारिस पत्र बमोजिम निजहरुलाई स्थायी नियुक्ति दिने ।<br><u>तपसिल</u><br><table><tr><th>सि.नं.</th><th>पद</th><th>तह</th><th>सेवा/समुह</th><th>नामथर</th></tr><tr><td>१</td><td>लेखापाल</td><td>सहायक स्तर पाँचौ</td><td>प्रशासन/लेखा</td><td>जीवन पौडेल<br>(भरतपुर ७, चितवन)</td></tr><tr><td>२</td><td>आ.ले.प.सहायक</td><td>सहायक स्तर पाँचौ</td><td>प्रशासन/लेखा</td><td>सुदिप आचार्य<br>(बराहपोखरी-४, खोटाङ)</td></tr></table></td></tr>
<tr><td>२.</td><td>कानुनी सल्लाहकारलाई नगरपालिकाको तर्फबाट अख्तियारी प्रदान सम्बन्धमा ।</td><td></td><td>• यस दक्षिणकाली नगरपालिकालाई समेत प्रत्यार्थी बनाई रिट निवेदक रमेश कोईरालाकी छोरी, चन्द्र नारायण झा की पत्नी सावीक महोत्तरी जिल्ला सोहडवा गा.वि.स. हाल पिपरा गाउँपालिका वडा नं. ५ बसाई सरी आएको दक्षिणकाली न.पा.वडा नं. ६ बस्ने ईन्दु कोईरालाले श्री सर्वोच्च अदालतमा उत्प्रेषण परमादेश (०७६-wo-४२२) दर्ता गर्नु भएकोमा मिति २०७६/०८/११ गते १५ दिने हाजिर हुने म्याद पाएकोमा हामी दक्षिणकाली नगरपालिका नगर कार्यपालिका सबै उपस्थित भई मुद्दामा लिखित जवाफ लगाउने तारिख बस्न सम्भव नभएको हुदाँ यस दक्षिणकाली नगरपालिका नगर</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | | कार्यपालिकाको कार्यालयबाट अख्तियारि दिन मिल्ने यस नगरपालिकाका कानुनी सल्लाहकार का.जि.दक्षिणकाली न.पा.वडा नं.५ स्थाई निवासी चन्द्र बहादुर कर्माचार्यको छोरी वर्ष ३५ को रुकुमा कर्माचार्य (प्रमाण पत्र नं.१४७३४) लाई उक्त रिटको कारवाही किनारा फैसला नभए सम्म सो रिट सम्बन्धी लिखित जवाफ दर्ता गर्न, तारिख बस्न तथा अन्य आवश्यक कारवाही गर्नको लागी अख्तियारी प्रदान गर्ने ।<br>• अब उप्रान्त यस नगरपालिका विरुद्ध पर्ने मुद्दाहरुमा तथा नगरपालिकाले दायर गर्नु पर्ने मुद्दाको सम्बन्धमा फिरादपत्र, प्रतिउत्तरपत्र तयार गर्ने, बहस तथा अन्य अदालली कामकारवाहीको लागी अधिवक्ता नियुक्तिको लागी सिफारिस गर्ने लगाएतको अख्तियारी प्रदान गर्ने । |
| ३. | ढुङ्गा, गिट्टि, बालुवा ठेक्का सम्बन्धमा । | | • मिति २०७६/०४/११ मा राष्ट्रिय दैनिक नागरिकमा यस दक्षिणकाली नगरपालिका भित्र प्राकृतिक स्रोत ढुङ्गा, गिट्टी, बालुवा, माटो बिक्री तथा निकासी कर संकलन सम्बन्धमा प्रकाशित सुचना अनुसार पर्न आएका बोलपत्र दाताहरु मध्ये मुल्याङ्कन समितिबाट मुल्याङ्कन भई छनौट भएको जिरा फ्रिडम जे.भि.कम्पनीसँगको मिति २०७६/०५/३१ गते भएको सम्झौता बमोजिम तिन करोड साठ्ठी लाख पाँच हजारको आय ठेक्का उक्त अवधिमा प्रमुख प्रशासकीय अधिकृत बिदामा रहेको तथा उक्त सम्झौता अधिकृत सातौं नुमानन्द दमासेबाट हस्ताक्षर भएकोले सो सम्झौतालाई अनुमोदन गर्ने । |
| ४. | जनप्रतिनिधिहरुको सुविधा सम्बन्धमा । | | • विषयगत समिति तथा अन्य समितिहरुको काम कारवाहीमा थप प्रभावकारीता ल्याउन नगरपालिकाको लागि विकास निर्माणतथा सेवा प्रवाहमा प्रभावकारीता ल्याउन विभिन्न कानुन, कार्यविधि, निर्देशिका व्यवस्थित गर्ने काममा व्यस्त हुनुपर्ने भएकोले जनप्रतिनिधिहरुको कार्यव्यस्तता, जिम्मेवारी र श्रमलाई समेत सम्बोधन गर्न स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य ऐन, नियम, कानुन, कार्यविधि, निर्देशिकाले तोके बमोजिमका समितिहरुको बैठक बस्दा बैठक भत्ता सम्बन्धमा कार्यविधि बनाई व्यवस्थित गर्ने । |
| ५. | सहकारी संस्था दर्ता स्थगन सम्बन्धमा । | | • हालसम्म यस नगरपालिकालाई कार्यक्षेत्र बनाई दर्ता भएका सहकारीको संख्या ७५ भएको र ६ वटा नयाँ दर्ताको लागी प्रक्रियामा रहेको हुदाँ यस नगरपालिकाको जनसंख्या, वडाको संख्या, नगरपालिकाले नियमन गर्नको लागी अपर्याप्त जनशक्ति तथा विद्यमान सहकारी |

<table>
<tr><td></td><td></td><td></td><td>संस्थाहरुको सञ्चालनलाई मध्यनजर गर्दै थप सहकारी दर्तालाई निरन्तरता दिनु भन्दा भएका सहकारीहरुलाई मर्जमा जान प्रोत्साहन गर्ने, हाल सञ्चालित सहकारी संस्थाको प्रभावकारी रुपले व्यवस्थापन गर्ने तथा दक्षिणकाली नगरपालिकाको आर्थिक विकासमा योगदान अभिवृद्धि गर्न प्रोत्साहन गर्दै हाललाई सहकारी दर्ता स्थगन गर्ने ।</td></tr>
<tr><td>६.</td><td>मिति २०७६/०३/२७ गतेको बाढी पहिरोबाट घाईते भएकाहरुको उपचार खर्च अनुमोदन सम्बन्धमा ।</td><td></td><td>• मिति २०७६/०३/२७ गतेको अबिरल वर्षा पछि यस नगरपालिका वडा नं. ८ मा गएको बाढीपहिरोबाट घाईते भएका तपसिल बमोजिमको बिरामीहरुले मनमोहन स्मृती सामुदायिक अस्पतालमा उपचार गराएको निम्नानुसारको खर्च अनुमोदन गर्ने ।<br><u>तपसिल</u>
<table>
<tr><th>क्र.सं.</th><th>घाईतेको नामथर</th><th>ठेगाना</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>प्रमोद बोमजोन</td><td>द.न.पा.८, केराबारी</td><td>रु.३,१३३।-</td></tr>
<tr><td>२</td><td>सुन्तली माया स्याङ्ताङ</td><td>द.न.पा.८, केराबारी</td><td>रु.३,४२१।-</td></tr>
<tr><td>३</td><td>आकृति महत</td><td>द.न.पा.८, छैमले</td><td>रु.३,४२७।-</td></tr>
<tr><td>४</td><td>प्रेम बहादुर बोमजोन</td><td>द.न.पा.८, केराबारी</td><td>रु.१३,७१४।-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>रु.२३,६९५।-</td></tr>
</table></td></tr>
<tr><td>७.</td><td>टेलिभिजन सञ्चालन सम्बन्धमा ।</td><td></td><td>• यस दक्षिणकाली नगरपालिकाले आफ्नो स्वामित्वमा टेलिभिजन सञ्चालन गर्न आवश्यक पर्ने प्राविधिक पूर्वाधार, Frequency, Equipment सम्बन्धी अनुमानित लागत रकम, सञ्चालन खर्च, अनुमानित आम्दानी स्वीकृती सम्बन्धी विस्तृत अध्ययन गर्न विज्ञ सहितको टोली गठन गर्ने र सो टोलीले माघ मसान्त भित्र विस्तृत प्रतिवेदन पेश गर्ने । उक्त टोलीमा देहाय बमोजिमको सदस्यहरु रहने ।<br><u>तपसिल</u><br>दक्षिणकाली न.पा.का प्रवक्ता अमृका बलामी - संयोजक<br>६ नं.वडा अध्यक्ष शंकरमान महर्जन - सदस्य<br>७ नं. का.बा.वडा अध्यक्ष सर्मिला सुवेदी - सदस्य<br>सुचना प्रविधि अधिकृत सन्तोष तामाङ - सहजीकरण गर्ने</td></tr>
</table>